प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा नेपाल

पत्रसङ्ख्याः (सा.वि.)०७७/०७८
चलानी नं.:

फोन-☎ ०६१-४६७९१४
फ्याक्सः- ०६१-४६७९१४
शहिदचोक, पोखरा

मिति- २०७७/०८/०९

## लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान, २०२० संचालन सम्बन्धी

## प्रेस विज्ञप्ती

सामाजिक विकास मन्त्रालय र विभिन्न सरोकारवाला निकाय एवम् संस्थाको समन्वय एवं सहकार्यमा Orange the World, Fund, Respond, Prevent, Collect अन्तर्राष्ट्रिय नारा र लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धताः व्यक्ति, समाज र सबैको ऐक्यवद्धता भन्ने राष्ट्रिय नाराका साथ यस बर्ष १६ दिने लैङ्गिंक हिंसा बिरुद्धको अभियान विभिन्न कार्यक्रमका साथ मनाउने निर्णय गरिएको छ । यो अभियान लैङ्गिक हिंसाको अन्त्य गर्नका लागि सर्मपित एक बिश्वब्यापी अभियान हो । हरेक बर्षको नोभेम्बर २५ तारिख देखि यो अभियान शुभारम्भ भई अन्तर्राष्ट्रिय मानव अधिकार दिवस १० डिसेम्बरका दिन यस अभियानको समापन गर्ने गरिन्छ ।
यस वर्ष कोभिड १९ का कारण भौतिक उपस्थितिका साथ बृहत रुपमा अभियान संचालन गर्न कठीन भएता पनि जनस्वास्थ्यका मापदण्डलाई ध्यानमा राख्दै यस बर्ष सामाजिक विकास मन्त्रालयले विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी गण्डकी प्रदेश भित्रका ११ वटै जिल्लामा विभिन्न कार्यक्रम आयोजना गरी यो अभियानलाई सार्थक बनाउने निर्णय गरेको छ ।
प्रस्तुत अभियानलाई सफलतापूर्वक सम्पन्न गर्न आवश्यक समन्वय, सहयोग र सहकार्यको लागि सामाजिक विकास मन्त्रालयले सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

१. सेतो रिवन अभियानका साथ १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियानको शुभारम्भ (आ-आफ्नो घर संघ संस्था एवम् कार्यालयमा, २५ नोभेम्बर)
२. अन्तराष्ट्रिय अपाङ्गता दिवस (राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशको सहकार्यमा डिसेम्बर ३)
३. अपाङ्गता भएका महिलाहरुसँगको अन्तरक्रिया कार्यक्रम (राष्ट्रिय अपागं महासंघ गण्डकी प्रदेशको सहकार्यमा)
४. गण्डकी प्रदेशका ११ वटै जिल्लामा "महिला तथा बालबालिकाहरुको न्यायमा पहुँच" बिषयक अन्तरक्रिया कार्यक्रम (गैसस महासंघ गण्डकी प्रदेशको सहकार्यमा)

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

पत्रसङ्ख्याः (सा.वि.)०७७/०७८

चलानी नं.:

फोन-☎ ०६१-४६७९१४

फ्याक्सः- ०६१-४६७९१४

शहिदचोक, पोखरा

५. ११ वटा जिल्लाका २२ जना लाई १० दिने मनोसामाजिक परामर्शकर्ता तालिम (कोपिला नेपालको सहकार्यमा)

६. बिभिन्न संचार माध्यमबाट सचेतनामूलक कार्यक्रम उत्पादन, प्रकाशन एवं प्रसारण (प्रदेशमा रहेका संचार संस्थासँगको सहकार्य)

७. मनोरन्जनका क्षेत्रमा कार्यरत श्रमिक बालिकाहरुमाथि हुने यौन दुर्व्यवहार सम्बन्धमा अन्तरक्रिया कार्यक्रम (शक्ति समूहसँगको सहकार्य )

८. प्रजनन स्वास्थ्य र सूरक्षित गर्भपतनबारे अधिकारकर्मीसँग अन्तरक्रिया कार्यक्रम (महिला मानव अधिकार रक्षक संजालसँगको सहकार्य)

९. गण्डकी प्रदेशको बार्षिक नीति तथा कार्यक्रममा बालिका अधिकार विषयक मूलप्रवाहिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम (इन्सेक र जागृती बाल तथा यूवा सरोकार केन्द्रसँगको सहकार्य)

१०. ११ वटै जिल्लामा जातीय विभेद र कोभिड १९ का कारण महिलामा परेको प्रभाव बिषयक अन्तरक्रिया कार्यक्रम (इन्सेकसँगको सहकार्य)

११. लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी रेडियो तथा टेलिभिजन कार्यक्रम, महिला हिंसा बिरुद्ध सचेतनामूलक नाटक प्रर्दशन, लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम (कोपिला नेपालसँगको सहकार्य)

१२. लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रम (थ्रि एन्जल्स नेपालसँगको सहकार्य)

१३. लैङ्गिक हिंसा न्यूनीकरणका लागि सचेतनामूलक बृत्तचित्र प्रर्दशन (गण्डकी प्रदेश प्रहरी कार्यालयसँगको सहकार्य)

१४. लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रमको समीक्षा सहित समापन (सामाजिक विकास मन्त्रालय)

..........................

(तेज प्रसाद काफ्ले)

प्रवक्ता

सामाजिक विकास मन्त्रालय